# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

प.सं.: २०७९।८० (युवा)

च.नं. ९६२

फोन नं. ०१-४३१५७६६

मिति : २०७९।०९।१२

**विषय-युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम खुला प्रतियोगिता संचालन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा किर्तिपुर नगर कार्यपालिकाको कार्यालयको च.नं.८१ मिति २०७९।०८।२७ को प्राप्त पत्रानुसार राष्ट्रिय युवा परिषद्को युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत तपसिलका विषय समेटी नगरपालिकास्तरीय युवा नवप्रवर्तनात्मक कार्यक्रम संचालन गरी उत्कृष्ट नवप्रवर्तानात्मक युवा जिल्लास्तरीय प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रममा पठाउनुपर्ने भएको हुँदा यस नगरपालिका अन्तर्गत १६-४० वर्ष उमेर समूहका ईच्छुक युवाहरुले नागरिकताको प्रतिलिपि, परिचय खुल्ने कागजात तथा आफ्नो कार्य प्रस्तुतीकरण सहित मिति २०७९।०९।२४ गते भित्र सहभागिताको लागि यस चन्द्रागिरि नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल-**

**क.नवप्रवर्तनात्मक कार्यको विषय क्षेत्र :**

***वातावरण संरक्षण तथा यस क्षेत्रसँग सम्बन्धित समस्या समाधान सम्बन्धि गरिएका नवीन कार्यहरु***

**ख.प्रतियोगिताको मूल्याङ्गनका आधारहरु :** **पूर्णाङ्क**

१. नवप्रवर्तनात्मक विचार प्रस्तुतीकरण र यसको सृजनात्मकता -२० अंक
२. विचारको सैद्धान्तिक एवं व्यावहारिक पक्ष -१० अंक
३. विचारबाट उत्पादन हुने वस्तु तथा सेवा -२० अंक
४. विचारको उपदायेता तथा सान्दर्भिकता,सामाजिक प्राविधिक वातावरणीय एवं आर्थिक विश्वसनियता -२० अंक
५. लगानी र प्रतिफल -१० अंक
६. जोखिम लिने क्षमता -१० अंक

**ग.प्रतियोगिता संचालन**

मिति-२०७९।९।२५ गते ।
समय- दिउसो २ बजे ।
स्थान- चन्द्रागिरि नगरपालिका हल ।
सम्पर्क-९८४३४६४५५५

**बोधार्थ-**

श्री सबै वडा कार्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौ- माथि उल्लेख भए बमोजिम वडाबासीहरुको जानकारीका लागि तहाँ वडा कार्यालयबाट समेत सूचना सम्प्रेषण गरिदिनु हुन ।